# الأذكار التي تقال صباحًا ومساءً

अत्यन्त करूणामय परम दयालु अल्लाहको नामबाट शुभारम्भ गर्दछु । बिहान र बेलुका पढिने दुआ (स्तुति ) हरू

(اللَّهُ لا إِلَهَ إِلا هُوَ الْحَيُّ الْقَيُّومُ لا تَأْخُذُهُ سِنَةٌ وَلا نَوْمٌ لَهُ مَا فِي السَّمَاوَاتِ وَمَا فِي الأَرْضِ مَنْ ذَا الَّذِي يَشْفَعُ عِنْدَهُ إِلا بِإِذْنِهِ يَعْلَمُ مَا بَيْنَ أَيْدِيهِمْ وَمَا خَلْفَهُمْ وَلا يُحِيطُونَ بِشَيْءٍ مِنْ عِلْمِهِ إِلا بِمَا شَاءَ وَسِعَ كُرْسِيُّهُ السَّمَوَاتِ وَالأَرْضَ وَلا يَؤُودُهُ حِفْظُهُمَا وَهُوَ الْعَلِيُّ الْعَظِيمُ).

(अल्लाह– उनीबाहेक कोही उपास्य छैन जीवन्त एवम् समस्त सृष्टिलाई धारण गर्ने प्रभु हुनुहुन्छ। उनलाई न उंघ लाग्छ न निद्रा नै । आकाशमण्डल र पृथ्वीकामा रहेका सम्पूर्ण वस्तुहरू उनैका हुन् । को छ जसले उनीकहाँ उनको अनुमति बिना सिफारिश गर्न सकोस् ? उनीलाई जे जति तिनीहरूका अगाडि हुनेछ छ र जे जति तिनीहरूभन्दा अघि भइसकेको छ, सबै कुरा थाहा छ। र, तिनीहरूले अल्लाहको ज्ञानको कुनै पनि अंश अल्लाहले नचाहेसम्म प्राप्त गर्न सक्दैनन् । उनको प्रभुत्व आकाशहरू तथा पृथ्वी सबैमाथि छ । र तिनीहरूको संरक्षणले उनलाई थकित तुल्याउँदैन र उनी उच्च तथा महान् छन् ।)

(आयत अल कुर्सी, सूरह अल बकरह 255)

(آمَنَ الرَّسُولُ بِمَا أُنْزِلَ إِلَيْهِ مِنْ رَبِّهِ وَالْمُؤْمِنُونَ ۚ كُلٌّ آمَنَ بِاللَّهِ وَمَلائِكَتِهِ وَكُتُبِهِ وَرُسُلِهِ لا نُفَرِّقُ بَيْنَ أَحَدٍ مِنْ رُسُلِهِ وَقَالُوا سَمِعْنَا وَأَطَعْنَا غُفْرَانَكَ رَبَّنَا وَإِلَيْكَ الْمَصِيرُ * لا يُكَلِّفُ اللَّهُ نَفْساً إِلا وُسْعَهَا لَهَا مَا كَسَبَتْ وَعَلَيْهَا مَا اكْتَسَبَتْ رَبَّنَا لا تُؤَاخِذْنَا إِنْ نَسِينَا أَوْ أَخْطَأْنَا رَبَّنَا وَلا تَحْمِلْ عَلَيْنَا إِصْراً كَمَا حَمَلْتَهُ عَلَى الَّذِينَ مِنْ قَبْلِنَا رَبَّنَا وَلا تُحَمِّلْنَا مَا لا طَاقَةَ لَنَا بِهِ وَاعْفُ عَنَّا وَاغْفِرْ لَنَا وَارْحَمْنَا أَنْتَ مَوْلانَا فَانْصُرْنَا عَلَى الْقَوْمِ الْكَافِرِينَ).

(ईशदूतले आफ्ना पालनकर्ताको तर्फबाट अवतरित (चिज) माथि ईमान राख्छन् र मोमिनहरूले पनि (विश्वास स्थापना गरेका छन्)।

यिनीहरू सबै अल्लाह, उनका फरिश्ताहरू, उनका ग्रन्थहरू एवं उनका रसूलहरू प्रति आस्थावान भए। (उनीहरूले भने)– हामी अल्लाहका रसूलहरूबीच कुनै भेदभाव गर्दैनौं। र, उनीहरूले भने– हामीले सुन्यौं र आज्ञापालन गर्यौं। हे हाम्रा पालनकर्ता ! हामी तिमीसित क्षमा याचना गर्छौं र तिमीतर्फ नै हामीहरूलाई फर्कनुछ।)*

(अल्लाह कुनै पनि मानिसमाथि उसको सामर्थ्यभन्दा बढी जिम्मेवारी दिनुहुन्न। उसले कमाएको पुण्य उसकै लागि हो र उसले बटुलेको पाप (को दण्ड) उसैले भोग्नुपर्नेछ। हे हाम्रा पालनकर्ता! यदि हामीले बिर्सियौं वा गल्तीले कुकर्म गर्‍यौं भने हामीलाई दण्डित नगर्नुहोस्। हे हाम्रा पालनकर्ता! हामीमाथि त्यस्तो भार नराख्नुहोस् जुन तपाईले हामीभन्दा अघिका मानिसहरूमाथि राख्नुभएको थियो। हे हाम्रा पालनकर्ता! हामीमाथि त्यस्तो भार नराख्नुहोस् जुन सहन गर्ने शक्ति हामीमा छैन। र, हामीप्रति नम्र व्यवहार गर्नुहोस्, क्षमा गर्नुहोस् र हामीमाथि दया गर्नुहोस्। तपाईं हाम्रो स्वामी हुनुहुन्छ। अतः काफिर समुदायविरुद्ध तपाईंले हामीलाई सहयोग प्रदान गर्नुहोस्।)

(अल् बकरह २८५-२८६)

(قُلْ هُوَ اللَّهُ أَحَدٌ) (قُلْ أَعُوذُ بِرَبِّ الْفَلَقِ) (قُلْ أَعُوذُ بِرَبِّ النَّاسِ).

(कुल हुवाल्लाहु अहद) पुरै पढ्नु।

(कुल अउजु बिरब्बिल फलक) पुरै पढ्नु।

(कुल अउजु बिरब्बिन नास) पुरै पढ्नु।

पुरै सूरहहरू तीन पटक पढ्ने।

أعوذ بكلمات الله التامات من شر ما خلق.

(आउज़ु बिकलमातिल्लाहित ताम्माति मिन शर्रि मा खलक।)

अर्थात्: म सृष्टि गरिएका वस्तुहरूको दुष्टताबाट अल्लाहका वचनहरू द्वारा शरण चाहन्छु। (तीन पटक)

بسم الله الذي لا يضر مع اسمه شيء في الأرض ولا في السماء وهو السميع العليم.

(बिस्मिल्लाहिल्लज़ी ला यदुर्रु माअ इस्मीही शै'उन फिल अर्जि वला फिस्समाई वहुवस्समिउलअलीम।)

अर्थात्: अल्लाहको नाममा (प्रारम्भ गर्दैछु), जसको नामले, जसको नामका साथ पृथ्वी र आकाशमा हुने कुनै पनि कुराले हानि पुर्याउन सक्दैन, र उहाँ सबै सुन्ने, सबै जान्ने हुनुहुन्छ। (तीन पटक)

رضيت بالله ربًّا وبالإسلام دينًا وبمحمد صلى الله عليه وسلم نبيًّا.

(रजितु बिल्लाही रब्बन वबिल इस्लामी दीनन वबिमुहम्मदीं सल्लल्लाहु अलेहि वसल्लम नबीयन।)

अर्थात्: म अल्लाहलाई आफ्नो पालनकर्ताको रूपमा, इस्लामलाई मेरो धर्मको रूपमा र मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) लाई रसूल (पैगम्बर) को रूपमा मानेर खुसी छु। (तीन पटक)

أصبحنا وأصبح الملك لله والحمد لله لا إله إلا الله وحده لا شريك له، له الملك وله الحمد وهو على كل شيء قدير، رب أسألك خير ما في هذا اليوم وخير ما بعده، وأعوذ بك من شر ما في هذا اليوم ومن شر ما بعده، ربِّ أعوذ بك من الكسل والهرم وسوء الكِبَر، وأعوذ بك من عذاب النار وعذاب القبر.

(अस्बह्ना व अस्बहल्मुल्कु लिल्लाहि वल्हम्दु लिल्लाह, ला इलाहा इल्लल्लाहु वह्दहु ला शरीक लहु, लहुल्मुल्कु व लहुल्हम्दु व हुवा अला कुल्लि शयइन कदीर। रब्बि अस्आलुका खैरा मा फी हाज़ाल

यौमि व खैरा मा बादाहु, व अऊजु बिका मिन शर्रि मा फी हाज़ाल यौमि व मिन शर्रि मा बादाहु। रब्बि अऊजु बिका मिनल कसलि वल्हरमि वसूइ किबर, वअउज् बिका मिन अजाबिन नारि व अजाबिल कबर।)

अर्थात्: हाम्रो बिहानी र सम्पूर्ण सृष्टिको बिहानी अल्लाहकै लागि हो। सम्पूर्ण प्रशंसा अल्लाहकै लागि हो। अल्लाह बाहेक अन्य कोही पूज्य छैनन्, उहाँको कुनै साझेदार छैन। सम्पूर्ण सत्ता, शासन तथा प्रशंसा उहाँकै हो। उहाँ सर्वशक्तिमान् हुनुहुन्छ। हे मेरा मालिक, म तपाईंसँग आजको दिनको भलाइ र यसपछिका दिनहरूको भलाइ पनि माग्दछु। म आजको दिनको दुष्टताबाट र यसपछिका दिनहरूको दुष्टताबाट पनि तपाईंको शरण माग्दछु। हे मेरा मालिक, म अल्छी हुनबाट र नराम्रो बुढेसकालबाट तपाईंको शरण चाहन्छु। हे मेरा मालिक, म नरकको यातना र चिहानको यातनाबाट तपाईंको शरण चाहन्छु। र रात्री समयमा (अस्बह्ना व अस्बहल्मुल्कु लिल्लाहि) को ठाउँमा

أمسينا وأمسى الملك لله،

(अम्सैना व अम्सल्मुल्कु लिल्लाह।) भन्नु पर्दछ।

अर्थात्: हाम्रो साँझ र सम्पूर्ण सृष्टिको साँझ अल्लाहकै लागि हो। त्यसैगरी साँझको बेला ("रब्बि अस्आलुका खैरा मा फी हाजल यौमि...") को ठाउँमा

رب أسألك خير ما في هذه الليلة...

(रब्बि अस्आलुका खैरा मा फी हाजिहिल्लैलति...)

अर्थात्: हे मेरा परमेश्वर, म तपाईंसँग यस रातको भलाइ माग्दछु... अन्त्य सम्म पढ्नु पर्दछ।

اللهم بك أصبحنا وبك أمسينا وبك نحيا وبك نموت وإليك النشور.

(अल्लाहुम्मा बिका अस्बह्ना व बिका अम्सैना व बिका नह्या व बिका नमूत व इलैकन्नुशूर।)
अर्थात्: हे अल्लाह, तपाईंको कृपाले हामी बिहानमा प्रवेश गरेका छौं, र तपाईंको कृपाले हामी साँझ गर्नेछौं , तपाईंको कृपाले हामी बाँचेका छौँ र तपाईंले चाहेमा हामी मर्नेछौँ। र तपाईतिर नै फर्केर जानेछौँ । र रात्री समयमा यसो भन्नु पर्दछ:

اللهم بك أمسينا وبك أصبحنا وبك نموت وبك نحيا وإليك المصير.

(अल्लाहुम्मा बिका अम्सैना व बिका अस्बह्ना व बिका नमूत व बिका नह्या व इलैकल्मसीर।)
अर्थात्: हे अल्लाह, तपाईंको कृपाले हामी साँझमा प्रवेश गरेका छौं, तपाईंको कृपाले हामी बिहान गर्नेछौं , तपाईंको कृपाले हामी बाँचेका छौँ र तपाईंले चाहेमा हामी मर्नेछौँ। र तपाईतिर नै फर्केर जानेछौँ।

اللهم ما أصبح بي من نعمة أو بأحد من خلقك فمنك وحدك لا شريك لك فلك الحمد ولك الشكر.

(अल्लाहुम्मा मा अस्बह बी मिन निअ्मतिन् औ अहीदिन मिन खल्किक फमिन्का वाह्दक ला शरीक लका फलक अलहम्दु वलका शुक्र।)
अर्थात्: हे अल्लाह, मलाई अथवा तपाईंका सृष्टिहरूमध्ये जसलाई पनि यो बिहान कुनै कृपा प्राप्त भएको छ, त्यो बिना कुनै साझेदार, केवल तपाईंको तर्फबाट मात्र हो। सम्पूर्ण प्रशंसा तपाईंकै लागि हो र सम्पूर्ण कृतज्ञता तपाईंकै निम्ति हो। र रात्री समयमा (मा अस्बह बी ) को ठाउँमा

ما أمسى بي.

(मा अम्सा बी)भन्नु पर्दछ, अर्थात्: मलाई यो साँझ... ।

(तीन पटक)

اللهم إني أسألك العافية في الدنيا والآخرة، اللهم إني أسألك العفو والعافية في ديني ودنياي وأهلي ومالي، اللهم استر عوراتي وآمن روعاتي، اللهم احفظني مِن بين يديَّ ومِن خلفي وعن يميني وعن شمالي ومن فوقي، وأعوذ بعظمتك أن أُغتال من تحتي.

(अल्लाहुम्मा इन्नी अस्अलुका अलआफियता फीद्दुन्या वलआखिरह, अल्लाहुम्मा इन्नी अस्अलुका अलअफ्व वलआफियता फी दीनी वदुनयायि वअहली वमाली, अल्लाहुम्मा स्तुर अवराती वआमिन रुअती, अल्लाहुम्मा इहफज़नी मिन बैनि यदय्य व मिन खल्फ़ी वअन यमिनी वअन शिमाली वमिन फौकी, वआऊज़ु बइज़्मतिका अन उघताल मिन तह्ती.)

अर्थात्: हे अल्लाह, म यस संसार र परलोकमा हजुरको क्षमा र सुरक्षा चाहन्छु। हे अल्लाह, म मेरो धर्म, मेरो सांसारिक मामिलाहरू, मेरो परिवार र मेरो धनमा हजुरको क्षमा र सुरक्षा चाहन्छु। हे अल्लाह, मेरा रहस्यहरू लुकाइदिनुहोस् र मलाई पीडाबाट बचाउनुहोस्। हे अल्लाह, मलाई मेरो अगाडि, मेरो पछाडि, मेरो देब्रे, मेरो दाहिने र मेरो माथिबाट रक्षा गर्नुहोस्। तलबाट हुने प्रहारबाट म हजुरको महानताको शरण चाहन्छु।

اللهم أنت ربي لا إله إلا أنت، خلقتني وأنا عبدك وأنا على عهدك ووعدك ما استطعت، أعوذ بك من شر ما صنعت، أبوء لك بنعمتك عليّ، وأبوء بذنبي، فاغفر لي فإنه لا يغفر الذنوب إلا أنت.

(अल्लाहुम्मा अन्त रब्बी ला इलाहा इल्ला अन्त, खलक्तनी वअना अबदुका वअना अला आहदिका ववअ्दिका मा इसतताअ्तु, आऊज़ु

बिका मिन शर्री मा सनअ्तु, अबूउ लका बिनअ्मतिका अलैय्य, वअबूउ बिज्नबी, फग्फिर ली फइन्हु ला यगफिरुज्जुनूब इल्ला अन्त.)

अर्थात्: हे अल्लाह, तपाईं मेरो पालनकर्ता हुनुहुन्छ, तपाईं बाहेक अरू कोही पूज्य छैन। तपाईंले मलाई सृष्टि गर्नुभयो र म तपाईंको दास हुँ, र म तपाईंको वाचा र प्रतिज्ञालाई सकेसम्म पालन गर्छु। मैले गरेका कार्यका खराबीबाट तपाईंको शरण चाहन्छु।  म माथि तपाईंले जे जति कृपा गर्नुभयो ती सबैलाईं स्वीकार गर्छु, र मैले गरेको पापलाई स्वीकार गर्छु, त्यसैले मलाई क्षमा गर्नुहोस्, किनकि तपाईं बाहेक अरू कसैले पाप क्षमा गर्दैन।

اللهم فاطر السماوات والأرض، عالم الغيب والشهادة، ربَّ كل شيء ومَلِيكه، أشهد أن لا إله إلا أنت، أعوذ بك من شر نفسي ومن شر الشيطان وشركه وأن أقترف على نفسي سوءاً أو أجُرَّه إلى مسلم.

(अल्लाहुम्मा फातिर अस्समावाति वलअर्ज, आलिमुल गैबे वश्शहादह, रब्बि कुल्ल शैय्यइन वमलिकह, अशहदु अन ला इलाहा इल्ला अन्त, आऊज़ु बिका मिन शर्रि नफ्सी व मिन शर्रिश्शैतानी वशिर्कीहि व अन अक्तरिफु अला नफ्सि सुअन औ अजुर्रहू इला मुसलिम.)

अर्थात्: हे आकाश र पृथ्वीको निर्माता ! अदृश्य र जाहेर जान्ने अल्लाह, सबै चीजका पालनकर्ता र मालिक, म गवाही दिन्छु कि तपाईंबाहेक कोही पूज्य छैन। म आफ्नो आत्माको दुष्टताबाट, र शैतान र उसका सहयोगीहरूको दुष्टताबाट तपाईंको शरण चाहन्छु। साचै यस कुराबाट तपाईंको शरण चाहन्छु कि मेरो आत्माले कुनै गल्ती गरोस् र कुनै पनि मुस्लिमलाई म बाट हानि पुगोस् ।

اللهم إني أصبحت أُشهدُك وأشهد حملة عرشك وملائكتك وأنبياءك وجميع خلقك بأنك أنت الله لا إله إلا أنت وأن محمدًا عبدك ورسولك.

(अल्लाहुम्मा इन्नी अस्बहतु उशहिदुका वा उशहिदु हमलत अर्शिका वमलाइकतक वअम्बियाअक, वजमीअ खल्किक बिअन्नका अन्त अल्लाहु ला इलाहा इल्ला अन्त वअन्न मुहम्मदन अब्दुका वरसूलुका।) अर्थात्: हे अल्लाह मैले बिहानि गरेको छु, म तपाईंलाई, तपाईंको सिंहासनलाई बोकेका देवदूतहरूलाई, तपाईंका सबै देवदूतहरूलाई र तपाईंका नबीहरूलाई र तपाईंका सबै प्राणीहरूलाई गवाह बनाएर भन्छुः तपाईंबाहेक कोही पूज्य छैन, तपाई एक मात्र हुनुहुन्छ, तपाईंको कोही साझेदार छैन र मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) तपाईंको भक्त र रसूल हुनुहुन्छ। र रात्री समयमा

اللهم إني أمسيت...

(अल्लाहुम्मा इन्नी अम्सैतु...)

हे अल्लाह म साँझमा प्रवेश गरेको छुँ अन्त्य सम्म (चार पटक) भन्नु पर्दछ।

(ला इलाहा इल्ला अल्लाहु वहदाहु ला शरीक लहु, लहु अलमुल्कु वलहु अलहम्दु वहू अला कुल्लि शैय्यइन कदीर)।

अर्थात्: अल्लाह बाहेक कोही पूज्य छैन। उहाँको कोही साझेदार छैन। उहाँ कै लागि सत्ता शासन र प्रशंसा छ। उहाँ सबै कार्य गर्न सक्षम हुनुहुन्छ। (एक सय पटक) बिहान र साँझको समयमा पढ्ने।

حسبي الله لا إله إلا هو عليه توكلت وهو رب العرش العظيم.

(हस्बियल्लाहु ला इलाहा इल्ला हु, अलैहि तवक्कल्तु वहुवा रब्बुल अरशिल अजीम।)

अर्थात्: मेरो लागि अल्लाह नै पर्याप्त छन्। उनीबाहेक अन्य कोही उपास्य छैन म उहाँमा नै भरोसा राख्दछु र उनी महान् सिंहासनका स्वामी हुन् । (सात पटक पढ्ने )

سبحان الله وبحمده

(सुब्हानल्लाहि वबिहम्दिहि।)

अर्थात्: अल्लाह पवित्र हुनुहुन्छ र म उहाँको प्रशंसा गर्दछु । (एक सय पटक) बिहान वा साँझ, वा दुवैमा पढ्ने।

أستغفر الله وأتوب إليه.

(अस्तग़्फिरुल्लाहा वअतूबु इलैहि।)

अर्थात्: म अल्लाहसँग (आफ्ना पापहरूबाट) क्षमा माग्दछु र उहाँ समक्ष प्रायश्चित गर्दछु। (एक सय पटक पढ्ने)

अहिले मैले लेख्न सकिएको कुरा यति हो । म सर्वशक्तिमान अल्लाह संग यो  लाभदायक हुन भनी प्रार्थना गर्छु।।

मुहम्मद अल-सालेह अल-उसैमीनद्वारा हिजरी संवत् १४१८, महिना १, गते २० मा लिखित।

# विषयसूची

No table of contents entries found